प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं. १, धनकुटा, नेपाल

मितिः २०७९।१०।१७

विषयः कार्यक्रम प्राप्त धार्मिक विद्यालयहरुलाई सम्झौता गर्न आउने बारेको सूचना ।

**श्री तपसिलमा उल्लेखित विद्यालयहरु, प्रदेश नं. १**

प्रस्तुत विषयमा श्री सामाजिक विकास मन्त्रालय, प्रदेश नम्बर १, विराटनगरबाट धार्मिक प्रकृतिका विद्यालयहरुलाई अनुदान कार्यक्रम सञ्चालनका लागि छनौट गरी पठाएका तपसिलमा उल्लेखित विद्यालयहरुले मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ अनुसार कार्यसम्पादन गर्ने गरी तपसिलमा उल्लेखित प्रमाणित कागजात सहित मिति **२०७९ फागुन २ गते**सम्म कार्यालय समय भित्र सम्झौता गर्नका लागि तोकिए बमोजिमका कागजात सहित यस निर्देशनालयमा आउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

*पेश गर्नुपर्ने आवश्यक कागजातहरु*

८. धार्मिक विद्यालय सञ्चालनका लागि साविक जिल्ला शिक्षा कार्यालय वा हालको स्थानीय तहले कक्षा तोकेर दिएको अनुमति पत्र ।

९. तोकिएको ढाँचामा तयार पारीएको छोटो प्रस्तावना पत्र ।

१०. विद्यालयहरुको भौतिक पूर्वाधार विकास तथा विस्तार वा निर्माण सँग सम्वन्धित कार्य गर्ने भए के के काम गरिने हो स्पष्ट उल्लेख गरी सम्झौता गर्ने र निर्धारित समयमा सम्पन्न गर्ने प्रतिवद्धता सहितको विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

११. विद्यालयलाई कार्यक्रम आवश्यक भएको र सो कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने प्राविधिक सहयोग उपलब्ध गराइने सुनिश्चतता सहितको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

१२. निर्माण सँग सम्बन्धित कार्य गर्ने भए स्थानीय तहका प्राविधिकबाट तयार गरी सम्वन्धित गाउँपालिका/नगरपालिकावाट प्रमाणित गरिएको कार्यक्रमको लागत अनुमान र नक्सा तथा डिजाइन।

१३. प्रअ र विव्यस अध्यक्षले हस्ताक्षर गरेको संलग्न ढाँचाको सम्झौता पत्र ।(२ प्रति)

१४. विद्यालयको KYC Updated चेकको भित्री पाना (नगद झिक्न प्रयोग हुने पाना) को स्पष्ट देखिने फोटोकपी ।

पुष्पराज बराल

नि निर्देशक

नि.शिक्षा विकास निर्देशक

वोधार्थ

श्री सामाजिक विकास मन्त्रालय, विराटनगरः ताहाँको Website मा सूचना राखी सहयोग गरीदिनुहुन ।

श्री सम्वन्धित सवै स्थानिय तहहरु, प्रदेश नं. १, जानकारी तथा आवश्यक सहयोगका लागि ।

**पुनश्चः गत विगत वर्षहरुमा यस निर्देशनालयवाट उपलब्ध गराइएका कार्यक्रमहरुको फरफारक नगर्ने विद्यालयहरुसँग फरफारक भएपछि मात्र सम्झौता गरिने छ ।**

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
प्रदेश नं. १, धनकुटा, नेपाल

तपसिल

| सिन | संस्थाको नाम | स्थानीय तह | वडा | गाँउ | जिल्ला | अनुदान कार्यक्रम | विनियोजित रकम |
|---|---|---|---|---|---|---|---|
| १ | राधारमण बेद वेदाङ्ग पाठशाला | विराटनगर | ४ | बरगाछी | मोरङ | प्रस्तावमा आधारित | ५००००० |
| २ | षडानन्द संस्कृत पाठशाला | षडानन्द | ७ | | भोजपुर | प्रस्तावमा आधारित | ५००००० |
| ३ | मञ्जु श्री बौद्ध आवि | खुम्बु पासाङल्यामु गा. पा. | ३ | छेप्लुङ | सोलखुम्बु | प्रस्तावमा आधारित | ५००००० |

website: www.ered.gov.np, e-mail : reddkt@gmail.com, Phone no: 026522220

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं. १, धनकुटा, नेपाल

# सम्झौता-पत्र

(आ.व. २०७९/०८०)

आयोजनाको नामः धार्मिक प्रकृतिका विद्यालयहरुलाई अनुदान

कामको विवरणः

विद्यालयको नाम ठेगानाः इमेल ठेगाना...................................

योजनाको स्वीकृत रकम रु. ..............

लागत अनुमान रकम रु. ................... विद्यालयबाट ब्यहोरिने रकम रु. ..............

बैंकको नामः विद्यालयको PAN No.:

खाता नं. .................

योजना शुरु गर्ने मितिः योजना सम्पन्न गर्ने मितिः ..............

प्र.अ.को नाम, थरः सम्पर्क नं. ...........

वि.ब्य.स. अध्यक्षको नाम, थरः सम्पर्क नं. ..................

(ग) सञ्चालन कार्यविधिः

८. निर्माण तथा मर्मत कार्य गर्ने भए सम्बन्धित स्थानीय तहका प्राविधिक कर्मचारीले स्वीकृत जिल्ला दररेट अनुसार स्थानीय निर्माण सामग्रीहरुको समेत मूल्याङ्कन गरी तयार गरेको लागत अनुमान सम्वन्धित गाउँपालिका/ नगरपालिकाबाट स्वीकृत गराइ पेश गर्नु पर्नेछ ।

९. गरिने कामका लागि विद्यालयले ब्यहोर्ने रकम भए उल्लेख गरी तोकिएको समय भित्र कार्य सम्पन्न गर्ने प्रतिबद्धता सहित वि.ब्य.स. निर्णय प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१०. सम्पादित कामको नियमित अनुगमन तथा आवश्यक सामग्रीको ब्यवस्थापन गर्ने जिम्मा वि.ब्य.स.को हुनेछ ।

११. सम्झौता सम्पन्न भएपछि सम्झौतामा उल्लेखित शर्तहरु अनुसार वि.ब्य.स.ले प्रस्तावना/ निर्णयमा उल्लेख गरेको काम वा निर्माणको काम भए स्वीकृत नाप, नक्सा र लागत अनुमान बमोजिम स्थानीय तहको प्राविधिकको सहयोगमा निर्माण/मर्मत कार्य गरी सम्पन्न गर्नु पर्नेछ ।

१२. सम्झौता भएका विद्यालयलाई पहिलो किस्ता बापत पेश्की स्वरुप कूल अनुदान रकमको ८०% रकम विद्यालयको बैंक खातामा निकासा पठाइने छ ।

१३. रकम प्राप्त गर्न विद्यालयको KYC Updated बैंक चेकको फोटोकपि प्रअवाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

१४. सम्पूर्ण कार्य सम्पन्न भएपछि अन्तिम किस्ता भुक्तानी माग गर्दा स्थानीय तहको अनुगमन समितिबाट अनुगमन गराइ सोको प्रतिवेदन सहित साथै निर्माणको काम भए प्राविधिकबाट तयार गरी सम्वन्धित गाउँपालिका/नगरपालिकावाट प्रमाणित कार्य सम्पन्न प्रतिवेदन, विव्यसबाट खर्च अनुमोदन सहित तोकिएको कार्य सम्पन्न भएको ब्यहोराको निर्णय प्रतिलिपि, सक्कल बिल, भर्पाई, नियमानुसार करकट्टी

गरी बैंक दाखिला गरेको भौचर पेश गरे पश्चात बाँकी (बढीमा २०% सम्म) रकम विद्यालयको बैंक खातामा निकासा हुनेछ ।

(घ) शर्तहरुः

११. छनोट भएका विद्यालयहरुमा गरिने कार्यक्रम सञ्चालनका लागि विद्यालय व्यवस्थापन समिति मुख्य जिम्मेवार हुनेछ ।

१२. निर्माण/मर्मत संभार कार्य सम्झौता भएको १५ दिन भित्र प्रारम्भ गरी मिति २०८० जेठ मसान्त भित्र सम्पन्न गर्ने दायित्व वि.व्य.स.को हुनेछ ।

१३. सम्झौता बमोजिमको समयभित्र काम पुरा गर्न नसक्ने अवस्था भएमा उपयुक्त कारण खुलाइ विव्यसको निर्णय सहित समय थपको पत्र शिक्षा विकास निर्देशनालयमा पठाउनु पर्नेछ ।

१४. कार्यक्रम सञ्चालनका लागि निकासा भएको रकम हिनामिना भएमा सो रकम सरकारी बाँकी सरह सम्बन्धित पदाधिकारीबाट असुल उपर गरिनेछ ।

१५. विद्यालयले पेश गरेका बिल, भर्पाईहरुमा अग्रिम आयकर, सा.सु. कर लगायतका अन्य करहरु कट्टी गरी बैंक दाखिला गरेको सक्कल बिल भौचर पेश गर्नु पर्नेछ ।

१६. अन्तिम भुक्तानी गर्दा कूल मूल्यांकन रकममा विद्यालयले ब्यहोर्ने भनिएको रकमको अंश कम भएमा सो रकम घटाई बाँकी रकम मात्र निकासा पठाइनेछ ।

१७. विद्यालयले कार्यसम्पन गरेपछि सम्वन्धित पालिकाको अनुगमन समितिवाट कामको अनुगमन गराइ सोको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१८. सामग्री खरिद तथा निर्माण तथा मर्मत कार्य गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) बमोजिम गर्नु गराउनु पर्नेछ ।

१९. विद्यालयले कुल प्राप्त रकमको ४० प्रतिशत भन्दा बढी रकम सञ्चालन खर्चमा प्रयोग गर्न पाउने छैन।

२०. विद्यालयले निर्माण कार्य गर्ने भएमा कामको लागत विवरण सहितको साइनबोर्ड (नमूना अनुसार) तयार गरी देखिने स्थानमा राख्नु पर्नेछ ।

साइनबोर्डको नमूना

१. आ.व. २०७९/०८०
२. कार्यक्रमको नामः
३. कार्यक्रमको स्वीकृत रकम रु. .........
४. लागत अनुमान रकम रु. ........
५. विद्यालयले ब्यहोर्ने रकम रु. .........
६. स्रोतः प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, धनकुटा
७. कार्य शुरु भएको मितिः कार्य सम्पन्न हुने मितिः
८. प्र.अ.को नाम, थरः सम्पर्क नं.
९. वि.ब्य.स. अध्यक्षको नाम, थरः सम्पर्क नं.

**कबुलियतनामाः**

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगरबाट प्रस्तावना तथा निर्णयमा उल्लेखीत कार्यका लागि छनौट भई शिक्षा विकास निर्देशनालयबाट निकासा हुने रु........................................ अक्षरेपी रु. ........................................................ बाट तोकिएको कार्य निर्धारित समयमा (निर्माण कार्य भए लागत अनुमान बमोजिम) गुणस्तरीय रुपमा गर्नका लागि गरिएको कबुलियतनामाः

श्री ................................ विद्यालय ................ का वि.व्य.स. अध्यक्ष श्री ................ ...... .... .. .. र सदस्य सचिव (प्रअ) श्री ............ ........... ....... को संयुक्त जिम्मेवारीमा प्रस्तावना तथा निर्णयमा तोकिए बमोजिमका उल्लेखित कार्यहरु विद्यालय सञ्चालन तथा निर्माण सँग सम्वन्धीत भए स्वीकृत लागत अनुमान, सार्वजनिक खरिद ऐन, नियम बमोजिम गुणस्तरीय रुपमा पारदर्शी ढंगबाट साथै खरीद सम्वन्धि कार्य भएमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम वि.व्य.स. मार्फत सम्पादन गर्न विद्यालय मञ्जुर भई शिक्षा विकास निर्देशनालय प्रदेश नं १ धनकुटासँग यो सम्झौता गर्दै सहिछाप गरी दियौं/लियौं ।

सम्झौता गर्ने पदाधिकारीहरुः

| शिक्षा विकास निर्देशनालय, धनकुटाको तर्फबाटः | विद्यालयको तर्फबाटः |
|---|---|
| हस्ताक्षरः ............. | हस्ताक्षरः ............. |
| नाम, थरः ................. | अध्यक्षको नाम, थरः ................. |
| पदः ............ | पदः ............ |
| रोहवरः | हस्ताक्षरः ............. |
| हस्ताक्षरः ............. | प्र अको नाम, थरः ................. |
| नाम, थरः ................. | पदः ............ |
| पदः ............ | |

मिति : २०७९।   ।

निर्देशनालयको छापः

बिद्यालयको छापः

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं. १, धनकुटा, नेपाल

## प्रस्तावना पत्रको ढाँचा

- कार्यक्रमको नामः धार्मिक प्रकृतिका विद्यालयलाई अनुदान
- आर्थिक वर्षः २०७९/०८०

११. विद्यालयको छोटो पृष्ठभूमीः

१२. कक्षागत विद्यार्थी संख्याः

१३. कार्यरत शिक्षकको नाम नामेसी पद सहितको विवरणः

१४. कार्यक्रमको उद्देश्यः

१५. कार्यक्रमको लागत अनुमान

१६. शिक्षा विकास निर्देशनालयवाट प्राप्त हुने रकम रूः

१७. विद्यालयबाट व्यहोरिने रकम रूः

१८. कार्यक्रम सञ्चालन प्रक्रियाः

१९. कार्यक्रम सञ्चालनको कार्य योजनाः

| क्रस | सञ्चालन गरीने क्रियाकलापहरुको नाम | समय सीमा | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | अनुमानित वजेट | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

२०. निष्कर्षः